कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः २७ प्रकाशन मिति: २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७६/०९/२४

## भाग - २

## प्राविधिक शिक्षा अध्ययन सहयोग कार्यविधि, २०७६

### प्रस्तावना

नगरपालिकाको प्राविधिक शिक्षाको स्तरलाई वृद्धि गर्ने र शिक्षामा सबैको समान पहुँच स्थापित गराउन यस नगरपालिका क्षेत्र भित्रका गरिव तथा जेहेनदार विध्यार्थीहरुलाई प्राविधिक शिक्षा हासिल गर्न पहुँच पुर्याउने यस नगरको लक्ष्य र समग्र राज्यले शिक्षाको सर्वसुलभता र सबै वर्गलाई समाहित गर्ने नीति लिएको परिप्रेक्षमा नगरपालिकाको प्राविधिक क्षेत्रमा अध्ययनरत विध्यार्थीहरुलाई सहयोग पुर्याउन कनकाई नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ ले दिईएको अधिकार प्रयोग गरी कनकाई नगरपालिकाको मिति २०७६/०९/२४ गतेको निर्णय अनुसार **"प्राविधिक शिक्षा अध्ययन सहयोग कार्यविधि, २०७६"** बनाई लागू गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"प्राविधिक शिक्षा अध्ययन सहयोग कार्यविधि, २०७६"**रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;**

.क) **'विध्यार्थी'** भन्नाले कनकाई नगरपालिकाभित्रका प्राविधिक शिक्षा अध्ययन गर्ने तथा गरिरहेका विध्यार्थीहरुलाई सम्झनुपर्छ ।

(ख) **"जेहेनदार"** भन्नाले अनुसुची १ मा उल्लेख गरेको योग्यता पुगेका विध्यार्थीलाई सम्झनु पर्दछ।

(ग) **"सम्बन्धित शाखा"** भन्नाले यस नगरपालिकाको शिक्षा शाखालाई सम्झनु पर्छ ।

(घ) **"कार्यविधि"** भन्नाले **प्राविधिक शिक्षा अध्ययन सहयोग कार्यविधि, २०७६"** लाई सम्झनु पर्छ।

(ङ) **'नगरपालिका'** भन्नाले कनकाई नगरपालिकालाई सम्झनुपर्छ ।

(च) **"शिक्षा समिति"** भन्नाले कनकाई नगरको शिक्षा समितिलाई सम्झनुपर्दछ।

## परिच्छेद २

**३. प्राविधिक शिक्षा अध्ययन सहयोग (छात्रवृत्ति);**

(क) यस नगरपलिकाको वार्षिक बजेटको अधीनमा रही नगरले आफ्नो क्षेत्रभित्रका गरिव तथा जेहेनदार विध्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

(ख) नगरपालिकाले उपलव्ध गराउने छात्रवृत्तिकोलागि यस नगर भित्रका विध्यार्थीले नगरपालिका कार्यालयमा शिक्षा शाखा निवेदन दिनुपर्नेछ।

(ग) नगरपालिका क्षेत्रभित्रका विध्यार्थीहरुले छात्रवृत्तिका लागि दिएको निवेदन छानविन गरी उपयुक्त ठहरिएमा सम्बन्धित शाखाले छात्रवृत्ति दिन सिफारिस गरी शिक्षा समिति समक्ष पठाउनु पर्नेछ।

४. नगरपालिकाको सम्बन्धित शाखाले छात्रवृत्तिकोलागि सिफारिस गरेको निवेदन उपर शिक्षा समितिले उपयुक्तताको आधारमा विषय र खर्चको अनुपात हेरी रकम तोक्नुपर्नेछ। तोके बमोजिमको रकम नगरपालिकाले विध्यार्थीलाई उपलब्ध गराउनेछ।

५. नगरपालिकाले विध्यार्थीलाई उपलव्ध गराएको छात्रवृत्ति वापत आफ्नो प्राप्त रकम प्राविधिक शिक्षा अध्ययन समाप्त भएपछि विध्यार्थीले नगरपालिकालाई अनिवार्य रुपमा उपलव्ध गराउने सेवा बाट उपलब्ध गराएको रकम पूरा नहुरुन्जेल सम्म मासिक रुपमा कट्टा गरी फिर्ता गरिसक्नु पर्नेछ।

६. यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकामा छात्रवृत्तिका लागि परेका सबै निवेदन अध्ययन गरी वार्षिक कोटा निर्धारण गरिने छ, तर पहिलो पटकका लागि शिक्षा समितिको निर्णय बमोजिम हुनेछ।

# अनुसूची १

## कनकाई नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

यस नगरपालिका भित्रका विध्यार्थीलाई प्राविधिक शिक्षा अध्ययन सहयोग (छात्रवृत्ति) प्राप्त गर्न गरिव तथा जेहेनदार हुनका लागि आवश्यक योग्यता हुनु पर्नेछ।

१. आर्थिक अवस्था कमजोर भएको भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको हुनु पर्नेछ।

२. अघिल्लो शैक्षिक सत्रमा समबन्धित कक्षा-तहमा कम्तीमा ५०% अंक प्राप्त गरेको हुनुपर्नेछ।

३. आफूले अध्ययन गर्न चाहेको शिक्षण संस्था र विषय एवं तह उल्लेख गर्नु पर्नेछ।

आज्ञाले
रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाई राजपत्र